फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मकवानपुर

पत्र संख्या:- ०७७/७८ मिति:- २०७८/०२/०५
चलानी नम्बर:-

## मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

मकवानपुर जिल्लामा कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि मिति २०७८-०१-३० गते प्रमुख जिल्ला अधिकारीद्वारा आदेश जारी गरिएकोमा तोकिएको समयमा आधारभूत खाद्यान्न पसलहरू खोल्दा बजारमा अत्यधिक भिडभाड देखिएको जसबाट संक्रमण फैलनसक्ने उच्च जोखिम रहेकोले जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, मकवानपुरको मिति २०७८-०२-०५ को सिफारिस र जिल्ला सुरक्षा समितिको मिति २०७८-०२-०५ को निर्णय समेतको आधारमा सो आदेशको बुँदा नं. २ मा देहायबमोजिम संशोधन गरी संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ बमोजिम यो थप आदेश जारी गरिएको छ । यो आदेशको बर्खिलाप भए, गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

देहाय:-

१. हेटौडा उपमहानगरपालिकाको मुख्य शहरी क्षेत्र उत्तरमा चौकीटोल, दक्षिणमा कर्रा खोला, पश्चिममा थाना भर्याङ र पूर्वमा क्याम्पा डाँडाभित्रका औषधी र अक्सिजन सिलिण्डर विक्री वितरण गर्ने पसल बाहेक अन्य सबै पसल तथा व्यवसायहरू मिति २०७८ साल जेठ १३ गते बिहीबार राती १२:०० बजेसम्म पूर्णरूपमा बन्द रहने ।
२. दूध तथा तरकारी विक्रेताहरूले सम्बन्धित सहकारी संस्थाहरूमार्फत जनस्वास्थ्यका मापदण्ड अनिवार्य पालना गरी, गराई तरकारी/दूध प्याकेजिङ्ग गरी मोबाईल भ्यानको प्रयोग गरी टोल-टोलमा गई विक्री वितरण गर्नसक्ने ।

२०७८/२/५

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी